कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: १६२ | वि.सं. २०८१ असोज ६ आइतवार | नेपाल संवत्: ११४४, असोज कृष्ण पञ्चमी | Sunday 22 September. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## ‘एकै दिनमा विवाद मिल्दा न्यायको महशुस भयो’

◣ओम शाही

**सुर्खेत, ५ असोज ।**

एक वर्ष अघिको कुरो हो, सिम्ता गाउँपालिका-४, कि धनसरा रावत वडा कार्यालयमा पुगिन् । आर्थिक लेनदेनको कुरा नमिलेपछि उनी न्याय माग्दै वडा कार्यालयस्थित मेलमिलाप केन्द्रमा पुगेकी थिइन् । आफन्तले लिएको पैसा फिर्ता नगरेपछि रावत न्याय खोज्दै मेलमिलाप केन्द्रमा पुगेकी हुन् । केन्द्रले उजुरी दर्ता गरेकै भोलिपल्ट विपक्षीलाई छलफलमा बोलायो । तर मेलमिलाप सम्भव नभएपछि वडाले न्यायिक समितिमा पठायो । वडाले पठाएको उजुरी उपर प्रक्रिया अगाडि बढाएर एकै दिनमा मेलमिलाप गराउन सफल भयो, न्यायिक समिति ।

वर्षौंदेखि मिल्न नसकेको विवाद एक दिनमै समाधान भएपछि रावत दङ्ग परिन् । ‘लेनदेनको विवाद वर्षौंदेखि नमिलेर सम्बन्धमै फाटो आउने अवस्था आएको थियो,’ रावत भन्छिन्, ‘पहिले वडामा गएर छलफल गराई दिन अनुरोध गरेँ, तर त्यहाँ सम्भव भएन, वडाले गाउँपालिकामा पठाएको भोलिपल्टै विवाद मिल्यो, कति दिन पो बस्नुपर्छ भन्ने जस्तो लागेको थियो, एकै दिनमा विवाद मिल्दा अचम्म लाग्यो, निवेदन बोकेर आफै न्यायिक समितिमा पुग्नै परेन ।’

समयमै उजुरी किनारा लागेपछि समयसँगै पैसाको पनि बचत भएको उनको अनुभव छ । ‘गाउँबाट आउनै एक दिन लाग्छ, विवाद नमिल्दासम्म यतै बस्नुपर्ने बाध्यता पनि थियो, उनी भन्छिन्, एकातिर समयको बर्बाद अर्कोतर्फ आउने जाने तथा होटलको बासले खर्च बढ्थ्यो, तर सोचे जस्तो ढिला हुँदोरहेनछ ।’

सिम्ता गाउँपालिका-९, खानिखोलाका मदन खड्का १९ भदौमा गाउँपालिकाको केन्द्रमा भेटिए । छिमेकीको जग्गाको साँध विवादमा सहजीकरण गर्न खड्का गाउँपालिकाको केन्द्रमा आएका थिए । वडामा मेलमिलाप हुन नसकेपछि न्यायिक समितिमा छिमेकीको साथमा लागेर आएका खड्काले सोही दिन छलफलका माध्यमबाट विवाद समाधान गराएर फर्किए । विवाद समाधानका लागि न्यायिक समितिले उनीहरुलाई बोलाएको थियो । एकै दिन सेवा पाउँदा

▶ बाँकी ३ पेजमा




### के हो न्यायिक मामिला व्यवस्थापन प्रणाली ?

न्यायिक मामिला व्यवस्थापन प्रणाली भनेको गाउँपालिकाको न्यायिक समितिमा दर्ता गरिएका उजुरीहरुको प्रभावकारी व्यवस्थापन, अनुगमन र समाधानका लागि विकास गरिएको डिजिटल प्रशासनिक प्रक्रिया हो । यसले न्यायिक समिति र मेलमिलाप केन्द्रमा भइरहेका कामलाई सरल, छरितो र पारदर्शी बनाउन मद्दत गर्छ । मुख्यतया यो प्रणालीले नयाँ उजुरीहरुको दर्ता, त्यसमा भएको प्रगति र न्यायिक समितिले तय गरेका मितिहरूको ट्र्याकिङ गर्दछ । न्यायिक समितिका उजुरीको सुनुवाइ, मिति निर्धारण र न्यायिक समितिको कार्यतालिका व्यवस्थापन गर्न यस प्रणालीले सहज बनाउँछ ।

बेलायत सरकारको सहयोगमा द एसिया फाउन्डेसनद्वारा सञ्चालित डाटा फर डेभलपमेन्ट (डि.फोर.डी) कार्यक्रमले न्यायिक मामिला व्यवस्थापन प्रणालीमा सहजीकरण गरेको हो । न्यायिक समितिसँग सम्बन्धित कागजातहरूको डिजिटल संग्रह, पहुँच र व्यवस्थापन पनि गर्दछ । उजुरीसम्बन्धी जानकारी अनलाइनमा हेर्न र अद्यावधिक गर्न सक्ने सुविधाका साथै न्यायसम्पादन प्रक्रियामा सहजता र पारदर्शिता ल्याउन ल्याउन मद्दत गर्दछ । डिजिटलरुपमा अभिलेख राखिने भएकाले भूकम्प, आगलागी जस्ता विपद्मा पनि तथ्यांक सुरक्षित राख्न सकिन्छ ।

न्यायिक मामिलाको रेकर्ड राख्ने प्रक्रिया विभिन्न चरणहरूमा आधारित हुन्छन् । जसमा उजुरी दर्तादेखि अन्तिम निर्णयसम्मका सबै गतिविधिहरूको विद्युतीय अभिलेख राखिन्छ । रेकर्ड राख्ने तरिका परम्परागत रूपमा म्यानुअल (कागजी) को सट्टा आधुनिक डिजिटल रूपमा गरिन्छ । वडा कार्यालयमा रहने मेलमिलाप केन्द्रमा परेका उजुरीहरु सिस्टममा राखेपछि गाउँपालिकामा रहेको मुख्य ड्यासबोर्डमा जानकारी आउँछ । सो पश्चात गाउँपालिकाको न्यायिक शाखाका कर्मचारीले प्रमाणिकरण गरेपछि त्यस्ता उजुरी स्वतः प्रणालीमा रेकर्ड हुन्छन् ।

### वीरेन्द्रनगरमा पनि लागु हुँदै

वीरेन्द्रनगर नगरपालिकामा पनि न्यायिक मामिला व्यवस्थापन प्रणाली लागु हुने तयारीमा छ । हाल नगरपालिकामा उजुरी दर्तादेखि मेलमिलाप प्रक्रियासम्म झन्झटिलो छ ।

न्यायिक समितिका उजुरी प्रशासक विनिता ढुङ्गानाका अनुसार उजुरीका लागि १६ वटै वडाबाट सेवाग्राहीले नगरपालिका कार्यालय धाउनुपर्ने बाध्यता छ । त्यस्तै न्यायिक समितिमा दर्ता हुने उजुरी हेर्ने क्षेत्राधिकार तथा बाझिएका विषयमा निर्णय लिँदा कानुनी अल्झन बेर्होनुपरेको छ । वीरेन्द्रनगरले कागजी प्रक्रियाबाट न्याय निरुपण गर्दा अभिलेख व्यवस्थापनमा समस्या हुने हुँदा यो प्रणाली लागू गर्ने तयारीमा पुगेको हो । नगरपालिकाबाट भैइरहेको न्यायिक निरुपणलाई अनलाइनमार्फत १६ वटै वडामा पुर्‍याएर नागरिकलाई बिना झन्झन्ट कम खर्चिलो सेवा दिने लक्ष्यका साथ प्रणाली लागू गर्न लागिएको उपप्रमुख एवं न्यायिक समितिका संयोजक निलकण्ठ खनाल बताउँछन् ।

‘अहिले हामीले दिइरहेको सेवा पालिका केन्द्रित छ,’ खनाल भन्छन्, ‘हाम्रो मान्यता नै बिना झन्झट नागरिकले वडातहबाटै न्यायिक सेवा लिन पाउनुपर्छ भन्ने हो, न्यायिक मामिला व्यवस्थापन प्रणालीको सुरुवात गरेर हामीले वडातहमै रहेका मेलमिलापकर्ता मार्फत सेवा दिन खोजिरहेका छौं, जसले नागरिकहरुलाई पालिकाको केन्द्र धाइरहनुपर्ने बाध्यता हुनेछैन भने खर्चिलो न्यायिक प्रक्रियाको पनि अन्त्य हुनेछ ।’ हाल भौगोलिक रुपमा विकट वीरेन्द्रनगरका १४, १५ र १६ नम्बर वडाका नागरिक खर्चिलो न्यायिक सेवा लिन बाध्य बनिरहेका छन् । उपप्रमुख खनालका अनुसार न्यायिक प्रणालीमा वडा तहमा रहने मेलमिलाकर्ता छानेर सेवाग्राहीले सेवा लिन पनि सहज हुन्छ ।

वीरेन्द्रनगरमा न्यायिक समितिमा हालसम्म परेका १६७ मध्ये १६६ उजुरी फछ्र्यौट भएका छन् । गत आव २०८०/८१ मा एक सय ४४ उजुरी परेकामा चालू आवमा २०८१/८२ को हालसम्म २३ वटा उजुरी न्यायिक समितिमा दर्ता भएको छन् ।

## गुणस्तरीय शिक्षा दिन विद्यालयमा स्याउ खेती



◣गोल्डेन बुढा

**जुम्ला, ५ असोज ।**

जुम्लाको हिमा गाउँपालिका-३ मा रहेको भैरव आधारभुत विद्यालय जोगिबाडाले शिक्षक पाल्न स्याउ खेती सुरु गरेको छ । पछिल्लो समयमा शिक्षकहरुको अभाव सिर्जना भइरहेको भन्दै कुनैपनि बेला निजी शिक्षक राख्न सकिने भएकोले स्याउ खेती सुरु गरिएको हो ।

स्याउ खेतीबाट प्राप्त आम्दानी निजी शिक्षक पाल्न खर्चिने विद्यालयको तयारी छ । विद्यालयले २०७० सालमा ५ सय स्याउका विरुवा रोपेको थियो । अहिले बर्सेनि १५/२० हजारको स्याउ बेचिरहेको प्रध्यानाध्यापक लालनाथ योगीले बताए । विद्यालयले रेड, रोयल र गोल्डेन जातको स्थानीय स्याउ लगाइएको छ । यो जातको स्याउ रोपेको तीनदेखि चार वर्षपछि मात्रै उत्पादन दिने भएकोले अहिले कमै फलिरहेको छ ।

उच्च घनत्व स्याउ जिल्ला भित्रिँदा पुरानो जातको स्याउ हराउन सक्ने सम्भावना बढेकोले पनि स्याउको संरक्षण गर्न विद्यालयले स्याउ खेती गरिरहेको यागीले बताए । स्याउलाई चाहिने सिचाइँदेखि मलखाद व्यवस्थापनमा पनि शिक्षक विद्यार्थीहरु नै खटिरहन्छन् । यो पटक सबै अभिभावकलाई एक-एक डोको मल सहयोग गर्न भनिएको छ । कक्षा ५ मा अध्ययनरत छात्रा अरुनिमा योगीले भनिन्, ‘अभिभावकहरुले मल दिएबापत बगैंचामा उम्रिएको घाँस र बगैँचाभित्र कोशेबाली लगाउन समेत दिने भनिएको छ । यसले बगककैचा व्यवस्थापनमा राहत मिलेको छ ।’

हरेक स्याउको सिजनमा शिक्षकहरु विद्यार्थी लिएर बगैंचामा पुगिरहेका हुन्छन् । उनीहरुले स्याउको काटछाँट,मल र सिचाइँ व्यवस्थापनका बारेमा कक्षा लिइरहेको सुनाउछन् कक्षा ५ मा अध्ययनरत छात्र प्रवेशनाथ योगी। सानैदेखि विद्यार्थीहरुले स्याउमा लाग्ने रोग किरा र बगककैचा व्यवस्थापनबारेमा सीप पाइरहेका छन् । यसले आगामी दिनहरुमा स्याउ खेतीमा विद्यार्थीहरु जागरुक हुने देखिएको छ ।

आर्थिक रुपमा विद्यालयलाई सवल बनाउन र निजी शिक्षक राखेर भएपनि गुणस्तरीय शिक्षा प्रदान

▶ बाँकी ३ पेजमा

## सल्यानमा दुई जनामाथी सांघातिक हमला

◣युग संवाददाता

**सल्यान, ५ असोज ।**

सल्यानको शारदा नगरपालिका १ स्थित श्रीनगर बजारको बसपार्कमा शारदा यातायात प्रा.लि. र सल्यान रुकुम यातायात प्रा.लि.बीच गाडी रोक्ने विषयमा विवाद भएको छ । विवादको क्रममा शारदा यातायातका इन्चार्ज, २५ वर्षीय शिव प्रसाद कुँवरले लुकाइछिपाइ ल्याएको तरबारले प्रहार गर्दा सल्यान रुकुम यातायातका ४४ वर्षीय प्रशासकीय इन्चार्ज शालिकराम डाँगीलाई चोट लागेको छ ।

डाँगीको दाहिने हातको पाखुरा र बाँया हातको हत्केलामा चोट लागेको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी प्रहरी निरीक्षक रेशम बहादुर खत्रीले जानकारी दिए । यस्तै कुँवरको टाउको र निधारमा चोट लागेको र शारदा मेट्रो अस्पतालमा उपचारपश्चात थप उपचारका लागि नेपालगञ्ज रिफर गरिएको उनले बताए ।

## नौ लाख बराबरका भन्सार छलीका सामान बरामद

◣युग संवाददाता

**कैलाली, ५ असोज ।**

जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीको टोलीले भन्सार छली गरी ल्याइएका नौ लाख बराबरको सामान बरामद गरेको छ । प्रहरीले शनिबार जिल्लाका विभिन्न स्थानमा रहेका भारतीय नाकाबाट भन्सार छली गरी ल्याइएका नौ लाख एघार हजार एक सय १० मूल्य बराबरको अवैध सामान बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कविन्द्रसिंह बोहराका अनुसार धनगढीबाट करिब रु पाँच लाख पाँच हजार सात सय ८० बराबरको किराना सामान, तामा पित्तलका भाँडा, मिठाइ, प्याज र प्लास्टिक तथा भजनीबाट दुई लाख ३० हजार मूल्य बराबरको प्याज, मोटरसाइकल र चिनी बरामद गरिएको छ ।

टीकापुरबाट एक लाख ३२ हजार सात सय ३० बराबरको किरानाका सामान, प्लास्टिकका खेलौँना, शृङ्गारका सामान, चिनी र प्याज, गोदावरीबाट २६ हजार छ सय बराबरको कपडा र कैलारी गाउँपालिकाबाट १६ हजार बराबरको बोइलर कुखुरा बरामद गरिएको उनले जानकारी दिए ।

बरामद गरिएका अवैध मालसामानसहित पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि भन्सार कार्यालय पठाउने तयारी भइरहेको प्रहरी नायब उपरीक्षक बोहराले बताए ।

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.**: ९८२९६७५६५०, ९७६९७७२९२३

**G.P. Memorial NURSING HOME**

जि. पि. (गजेन्द्र पहाडी) मेमोरिअल नर्सिङ-होम प्रा. लि.

टेम्पो पार्क, बांगेशिमल- २, जुम्लारोड, सुर्खेत

083-590055

नि:शुल्क ओ पि डी जाँच सेवा ।

FREE !!


असोज १ देखि २० गते

विशेषज्ञ डाक्टर द्वारा सुगर, प्रेशर, थाइराइड, ग्यास्टिक, अल्सर, कलेजो, मृगौला, मुटु, छाति आदि को जांच तथा परामर्श ।

डा. राज कमल मानन्धर
( MBBS, M.D. )
कन्सल्टेन्ट फिजिसियन

प्रदान गरिने अन्य सेवाहरु :
- २४सै घन्टा ईमर्जेन्सी सेवा
- २४सै घन्टा फार्मेसी सेवा
- ईसिजी, ल्याब, डिजिटल एक्सरे सेवा
- भिडियो एक्सरे सेवा





युगआह्वान
राष्ट्रिय दैनिक

## सम्पादकीय....

# नियमित उडानको सुनिश्चित गर !

कालिकोट जिल्लालाई हवाई मार्गसँग जोड्ने उद्देश्यले जिल्लाको नरहरिनाथ गाउँपालिका-१, स्थित कोटबाडामा सुनथराली विमानस्थल निर्माणको योजना बन्यो। २०४२ सालबाट निर्माण थालिएको विमानस्थल ३९ वर्षपछि जहाज बस्न लायक बन्यो। विमानस्थल निर्माण थालिएको झण्डै चार दशक मात्रै बितेको छैन यस अवधिमा विमानस्थल निर्माणका क्रममा ३५ जना मजदुरको चिहान पनि बनेको छ यो विमानस्थल। विमानस्थल निर्माणका क्रममा रणमैदान भएको क्षण यहाँका नागरिकले अझै बिर्सन सकेका छैनन्। तत्कालीन राज्य पक्ष र विद्रोही पक्ष नेकपा माओवादीबीचको सशस्त्र द्वन्द्व चरम उत्कर्षमा थियो। १० वर्षे युद्धको दौरानमा ११ फागुन २०५८ को दिन यहाँका स्थानीयको मानसपटलमा कहिल्यै नमेटिने घाउ बनेर बसेको छ। तत्कालीन अछाम जिल्लाका प्रमुख जिल्ला अधिकारी मोहनसिंह खत्रीसहित एक सय २२ जनाले ज्यान गुमाएको घटनापछि विद्रोहीलाई खोज्दै तत्कालीन शाही नेपाली सेना ११ फागुनमा कालीकोटको कोटबाडा पुग्यो। जहाँ सुनथराली विमानस्थल निर्माणमा संलग्न धादिङ गजुरीका १७ मजदुर कार्यरत थिए। शाही नेपाली सेनाले विमानस्थल निर्माणमा संलग्न १७ मजदुरसहित ३५ जनामाथि अन्धाधुन्ध गोली चलाएर एकै चिहान बनाई दिएको त्यो कहाली लाग्दो घटनाले स्थानीयलाई अझै भस्काइरहन्छ। रगतसँग साटिएको विमानस्थलमा यहाँका नागरिकले जहाज हेर्न वर्षौंदेखि प्रतिक्षारत छन्। निर्माणमै विलम्ब भएको विमानस्थल जहाज बस्न योग्य त बन्यो तर नियमित उडानको टुङ्गो भने अझै लाग्न सकेको छैन।

विगत ३९ वर्षदेखि निर्माण थालिएको विमानस्थलमा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्व उपप्रधानमन्त्री पूर्णबहादुर खड्का, कर्णालीका पूर्वमुख्यमन्त्रीहरु जीवनबहादुर शाही, महेन्द्रबहादुर शाही र राजकुमार शर्मादेखि कयौं मन्त्रीहरू कोटबाडा विमानस्थलमा पुगेर राजनीतिक भाषण गरेका छन्। गत वर्ष प्रधानमन्त्रीसँगै गएका संघ र कर्णाली प्रदेश सरकारका मन्त्रीको हुलले विमानस्थल उद्घाटन गर्दै अबदेखि कालिकोटका जनताले नियमित हवाई जहाज चढ्न पाउने उद्घोष गरेर फर्किए। उनीहरुले उति बेला यतिसम्मको भ्रम छरेका थिए कि उद्घाटन भएको भोलि पल्टबाट नै नियमित उडान सुरु भइहाल्छ। तर, दुई पटकसम्म परीक्षण उडान सफल भएको विमानस्थलमा नियमित उडानको टुङ्गो भने अहिलेसम्म लाग्न सकेको छैन। विभिन्न राजनीतिक दलका शिर्ष नेताहरू आएर विमानस्थल सञ्चालन गर्ने बाचा गरेको भए पनि यहाँका नागरिक अझै पनि विश्वस्त हुन सकेका छैनन्। कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री रहेका जीवनबहादुर शाही संस्कृती, पर्यटन तथा नागरिक उड्यनमन्त्री हुदाँ २ ९ माघ २०७३ मा पहिलो पटक यो विमानस्थलमा परीक्षण उडान सफल भएको थियो। त्यसपछि १४ फागुन २०८० मा पूर्व उपप्रधान तथा रक्षा मन्त्री पूर्णबहादुर खड्का, पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती, कर्णालीका पूर्व मुख्यमन्त्री राजकुमार शर्मा, पूर्व मुख्यमन्त्रीद्वय महेन्द्रबहादुर शाही र जीवनबहादुर शाहीसहितको टोलीले नेपाल एयरलाइन्स र तारा एयरका दुईवटा जहाज अवतरण गरेर विमानस्थलको उद्घाटन गरेका थिए। औपचारिक उद्घाटन भएको आठ महिना बित्दापनि विमानस्थल सञ्चालन नआउँदा अहिले स्थानीय निरास बनेको छन्।

उद्घाटनका क्रममा नागरिक उड्डयन प्राधिकरणले साताामा एकपटक सुर्खेत र नेपालगन्जबाट सुनथराली विमानस्थलमा उडान भर्ने प्रतिबद्धता जनाएको थियो। तर, प्राधिकरणले अहिलेसम्म सुनथराली विमानस्थलमा उडान भर्न अनुमति नदिएको छैन। नागरिकलाई सुरक्षित हवाई सेवा दिने लक्ष्यका साथ अर्बौं लगानीमा निर्माण गरिएको विमानस्थलमा नियमित उडान नहुनु आफैमा दुखद् पक्ष हो। कर्णालीमा यो विमानस्थल मात्र नभई अन्य केहीमा पनि नियमित उडान नहुँदा अर्बौं खर्चिएका विमानस्थलहरु अहिले गौचरण जस्ता बनेका छन्। यसतर्फ राज्यले कत्ति पनि ध्यान पुऱ्याउन सकेको छैन। सरकारी स्वामित्व प्राप्त नेपाल वायुसेवा निगमले पनि कर्णालीका कतिपय विमानस्थलहरुमा नियमित उडान भर्न असयोग गरिरहेको छ। यदि नागरिकको सुविधाका लागि बनाइएको हो भने संघ तथा प्रदेश सरकारले निजि हवाई सेवा प्रदायक कम्पनीलाई सुहलियत दिएर भएपनि विमानस्थलमा नियमित उडानको व्यवस्था मिलाउनु पर्दछ। अन्यथा जहाज नै नआउने विमानस्थलमा जहाज आउने आश्वासन दिएर जनताको आँखामा छारो हाल्ने काम बन्द गरियोस्।

## विश्व

# जापानमा बाढीपहिरोका कारण, एकको मृत्यु सात बेपत्ता



टोकियो, ५ असोज। जापानको भूकम्प प्रभावित क्षेत्र इसिकावामा भारी वर्षाका कारण आएको बाढी र पहिरोमा परेर शनिवार एकजनाको मृत्यु भएको छ। कम्तीमा सातजना बेपत्ता भएको अधिकारीहरूले बताएका छन्।

सरकारले विज्ञप्तिमार्फत घटनाको पुष्टि गरेको छ। बाढीका कारण वाजिमामा भूकम्प प्रभावित सडक मर्मत गरिरहेका अन्य चारजना पनि बेपत्ता भएको भूमि मन्त्रालयका अधिकारी कोजी यामामोटोले बताएका छन्।

जापानको क्योडो समाचार एजेन्सीले वाजिमामा दशजना बेपत्ता भएको जनाएको छ। इसिकावा सरकारका अनुसार बाढीका कारण धेरै भवनहरू डुबानमा परेका छन् सडक अवरुद्ध छ भने करिब ६ हजार घरहरू बिजुलीविहीन भएका छन्।

प्रभावित क्षेत्रका केही मानिसहरू सञ्चार सेवाविहीन भएको अपरेटरहरूले बताएका छन्। बाढी पहिरोको खतराको बिच वाजिमामा र सुजुका साथै नोटो सहरका बासिन्दाहरूलाई घर छोडेर सुरक्षित स्थानमा जान आदेश दिएको अधिकारीहरूले बताएका छन्।


इसिकावाको निगाता र यामागाता प्रान्तका बासिन्दाहरूलाई सुरक्षित स्थानमा जान आदेश दिएको विपद् व्यवस्थापन विभागले जनाएको छ। जापान मौसम विज्ञान विभाग (जेएमए) ले जीवन जोखिममा पार्ने सल्लाह दिँदै इसिकावाका लागि उच्चस्तरको चेतावनी जारी गरेको छ।

प्रधानमन्त्री फुमियो किसिदाले सरकारलाई प्राथमिकताका साथ जनताको जीवन बचाई विपद् व्यवस्थापन गर्न निर्देशन दिएका छन्।

# संविधानको दुरुपयोग



उमालाल आचार्य
umalalacharya@gmail.com




यही असोज ३ गते संविधान दिवसका विभिन्न कार्यक्रम गरेर राष्ट्रिय दिवस मनाइयो। काठमाडौंको दरबारमार्गमा बाक्लो गाडी मोटरको आवतजावत छेकेर साँझ नागरिक स्तरबाट कन्सर्ट गरिएको भनिए पनि सरकारकै दानापानी र लगानीमा कार्यक्रम सम्पन्न भएको कुरा मिडियामा सार्वजनिक भयो।यसबाट संविधान पूर्णरूपमा कार्यान्वयन हुन नसकी रहेको अवस्थामा दिवसकै तामझामलाई मात्र किन अतिरन्जना गर्न खोजिएको होला भन्ने प्रश्न खडा हुन्छ। संविधानकै आधार परिधिबाट राज्य व्यवस्था सञ्चालन हुने र अन्य नियम कानुनहरु समेत निर्माण हुनेहुँदा यसलाई देशको मूल कानुन भनिएको हो।

संविधान सँग अरु कानुन बाझिएको खण्डमा स्वतः खारेज हुन्छ, समय अनुकूल संविधान संशोधन पनि गर्दै जानुपर्ने कारणले यसलाई गतिशील दस्तावेज भनिए को हो तर देशमा नयाँ संविधान लागू भएको ९ वर्ष बितिसक्दा पनि प्रश्न उठेका विवादित विषय जब्बर भैरहेका छन। यी विषयले व्यवस्थालाई निरन्तर वितृष्णामा धकेली रहेका छन्।

प्रदेशको संरचना र औचित्यमा जनस्तरबाट विरोध भैरहेको छ। यसलाई स्वायत्त र स्वतन्त्र निकाय भनि शब्दका जतिसुकै फुलबुट्टा भरे पनि केन्द्रीय सरकार हल्दा त्यसको प्रभावबाट प्रदेश सरकार लथालिङ्ग भएको छर्लङ्ग छँदैछ। प्रदेश सरकार को औचित्य पुष्टि हुन नसकेको कारण आर्थिक भार बढ्न गै देश जर्जर अवस्थामा पुगेको भन्ने आम बुझाइ छ। निर्वाचन प्रणाली पनि स्वस्थ छैन भन्ने अर्को आरोप छ। समानुपातिक को मान्यता र मर्म विपरीत राजनीतिक दलहरूले यसको चरम दुरुपयोग गरिरहेको विषय पनि कतै लुक्न सकेको छैन। जात जाति बीचमा भाँजो हाली बहुसंख्यक हिन्दुजनलाई छलेर धर्म निरपेक्षता कायम गरिएको छ। संविधान जारी गर्दाका बखत हिन्दुराज्य नै बनाउने भनी देशभित्र मात्रै होइन, छिमेकीलाई पनि राजनीतिक दलहरूले प्रतिबद्धता जनाएका थिए भन्ने स्रोतहरूको दाबी छ। यसबाट कसैको दबाबमा धर्म निरपेक्षता कायम गरिएको रहेछ भन्ने बुझ्न केही गाह्रो छैन।

संविधानसभाले संविधान नबनाएसम्म देशको उन्नति प्रगति हुन सक्दैन भन्ने मिथ्या भ्रम छरेर राजनीतिक दलहरूले स्वार्थ को रोटी सेकिरहेका थिए भन्ने कुरा २०७२ को संविधानले प्रष्ट पारिदियो। किनकि कसैको स्वार्थमा जनतालाई छलेर जारी गरिएको संविधानमा विमति राखेर नै केही राजनीतिक दल र समुदायले कालो दिन मानि यो संविधान लाई सार्वजनिक रूपमा जलाइरहेका थिए। संविधानसभा हात्तीको देखाउने दाँत मात्रै रहेछ, चपाउने भित्र अर्कै थियो जो देखिदैन,त्यस लाई व्यवहारले नै पुष्टि पाऱ्यो। छिमेकीको जोडबल र राजाको उदारतामा हिजो सजिलै प्राप्त हुन आएको प्रजातन्त्रले पनि संविधान सभालाई पाखै राखेर २०४७ सालमा अर्को संविधान निर्माण गऱ्यो। त्यति बेला राजनीति दलहरूसँग चेतना थिएन कि स्वार्थले निलेको थियो संविधान सभाको अडान र निष्ठा ? बोलेर बाइलो हुनुभन्दा मौन रहेर सत्ताको बागडोर समाउन पाइने भएकोले संविधान सभाको बारेमा चुइँक्क कोही कतै बोलेनन्। विकासको ठूलो मूल फुटाउने भनिएको प्रजातन्त्रले केही प्रवृत्तिलाई मैमत्त छाडा बनायो।

जसले देशको उद्योग धन्दा कौडिका दाममा फालेर कुस्त पैसा कमायो, धमिजा काण्ड मच्चायो, टनकपुर बेच्यो, लाउडा जहाज खायो र देशमा मध्यावधि चुनावको रोगी कुसंस्कार बसाल्यो। प्रजातन्त्रकाल कै जघन्य अपराध मानिने दरबार हत्याकाण्डमा चित्त दुखाएर सारा नेपाली विचलित हुँदा पनि प्रजातान्त्रिक सरकारले पटक्कै कतै तातो बाफ फालेन। आफ्नो कुर्सी जोगाउनका लागि बरु नयाँ राजालाई श्रीपेच लगाइदिएर दाम चढाउन हतारियो।

श्रीपेच लगाएपछि नयाँ राजाको छुट्टै धुँवा आयो। राजा देशको भौतिक विकास गर्नुभन्दा आफ्नो धाक रवाफको विकास गर्न र भजन मण्डलिसहित देशाटन गर्नमै रमाए। 'राजा आफ्नो थिति थान्कामा बस्नुपर्छ, सत्ता हामीलाई सुम्पनु पर्छ' भन्दै सात राजनैतिक दलले आन्दोलन छेडे। दलको आचरण गतिलो नभएर जनताले पटक्कै साथ दिएनन् बरु रमिता नै हेरिहे। आन्दोलनलाई तमासा बनाइदिए।

राजाका मनमा प्रधानमन्त्री समेत भएर शासन चलाउने रहर जागेपछि बागडोरको लगाम समातेर प्रजातन्त्रमाथी घोडा चढे। त्यस्तो महत्वाकांक्षा पाल्नुको सट्टा सरकार बनाउने भत्काउने र ढुकुटीमा लुट मच्चाउने राजनीतिक कुवंशी भ्रष्टाचारीहरूलाई उचित दण्ड सजाय दिएको भए राजाको हाइ हाइ हुन्थ्यो र बढ्दै जाने लोकप्रियताले बाँकी दोषलाई पुर्दै-पुर्दै जान्थ्यो। राजगद्दी पाएपछि मातमाथि मात चढ्दै चढ्दै राजाको उन्मादले सीमा नाघ्दै जाँदा दिन प्रतिदिन जनताले सात दललाई भन्दा राजालाई दोब्बर घृणा गर्न थाले। सत्ताको स्वार्थान्धले जनआक्रोशलाई राजा र राजाका भजन मण्डलीले कतै अन्दाज गर्नै सकेनन्। फलस्वरूप देशमा गणतन्त्र आयो र राजाको वनबास लगायो।

संविधान बनाउनका लागि बुद्धिजीवी, विद्वानवर्ग जानकार व्यक्ति व्यक्तित्व जनताका प्रतिनिधिका रूपमा निर्वाचित भइ आउने र निर्वाचित संविधान सभाले निष्ठापूर्वक दीर्घजिवी संविधान बनाउने जनताको मिठो सपना नजिक आइरहेको थियो। तर षड् यन्त्रकारीले भित्रभित्रै अनेक तानाबाना बुनि रहेका थिए भन्ने लाग्छ किन कि ७५ जिल्ला बाट ६०१ जना सभासद संविधान निर्माणका लागि निर्वाचित भए।

तलब भत्तामा ढुकुटी रित्याउनका लागि त्यत्रो ठूलो हुल तयार हुनु नेपालीको दुर्भाग्य नै थियो। सिंहदरबार को संसद् भवनमै नअटाउने जमात तयार पार्नुमा बनावटी कारण त अनेक हुँदा हुन् तर गतिलो उचित कारण एउटा पनि थिएन। बनावटीमा पनि लुप्त कारण गणितीय संख्यामा आफ्नो पकडको सरकार बनाउनु र स्वार्थको रोटी सेक्नु बाहेक अरु अत्यन्त गौण थिए।

६०१ जना सभासदमध्ये टाठाबाठा १२/१५ जना नेताहरू संविधान लेख्ने भनि भद्रा नाटक गर्दै रिसोर्टहरूमा दौडधुप गर्न थाले। दिनमा होइन, सरकारी सभा भवनमा पनि होइन। आधा रातमा पाँचतारे होटलको बन्द कोठामा जम्मा भएर लेख्न थालियो संविधानका दफा उपदफाहरू। संविधानविद भिमार्जुन आचार्यका अनुसार ६ वर्षमा ६ सय अर्ब रुपैयाँले बनेको संसारको सबैभन्दा महङ्गो यो संविधानले जनताको अभिमतलाई बोरामा कोचेर कुनामा थन्कायो। अन्धभक्त नाइके कार्यकर्ताहरूला विर्ता बाँड्न र भाग विलो मिलाउन, मनोगत र अवैज्ञानिक तरिकाले प्रदेशको विभाजन गरियो। अंश भाग पुऱ्याउन कित्ता काटेर जिल्लाहरू टुक्राइयो। वरिष्ठ पत्रकार देवप्रकाश त्रिपाठीका अनुसार बृहत् शान्ति सम्झौता, यही अन्तरवस्तु सहितको संविधान र देश अब सँगसँगै बाँच्न सक्दैनन्। संविधानको प्रस्तावनाले देश निर्माणका लागि योगदान दिने वीरहरूलाई बिर्सेर कुनै पार्टीका टाठाबाठालाई प्रधानमन्त्री बनाउन मरेका र बेपत्ता भएकालाई सम्झन्छ। आफूलाई पायक पार्न दोहोरो अर्थ लाग्ने बुँदाहरू संविधान भित्र ठाउँठाउँ घुसाइएका छन् जो सामान्य आँखाले हेर्दा तुरुन्त भेटिँदैनन्। देशको धार्मिक आर्थिक र सांस्कृतिक पक्षलाई नाश गर्ने, राष्ट्रिय एकता र सार्वभौमिकतालाई कमजोर पार्ने केही अन्तर वस्तु नफेरी यो संविधान सहज रूपमा चल्न सक्दैन।

सभासद भए बापत तलब भत्ता खाने र कामका नाममा सिन्को भाँच्न नपर्ने बाँकी भाग्यमानी सभासदले हेर्दै नहेरी सहि गरेर ताली बजाएपछि सभा भवनमा तामझामले संविधान जारी गरियो, उतिखेरै बाहिर त्यही संविधान दन्दनी जल्यो। दुनियाँमा अन्यत्र यसो भएको छ कि छैन थाह भएन। बहुसंख्यक हिन्दु धर्मावलम्बी जनताको यो संविधानप्रति गहिरो विमति छ। लामो कालखण्डदेखि साँची राखेको नेपालीको त्यति मिठो सपनालाई पानी खन्याएर कुठाराघात गरियो। टाठाबाठाका नातागोता नजिकका कार्यकर्ता केही बिचौलिया र दलका ठेकेदारहरूले बाहेक साधारण नेपाली जनताले यो संविधानलाई निको मानिदिनु पर्ने अवस्था छैन। जनतालाई छलेर संविधानमा कपट मिसाउने कपटीहरू कोही घर न घाट्को भएर हँदै बर्बराउँदै र राजनैतिक ओत मार्दै हिँड्न परिरहेको छ। कोही ठूलो भाग खान गएकाहरू सत्ता विमुख भइ कुकर्मको हिलोमा चिप्लेर उत्तानो पछारिएका छन् र जनतामा जाने हास्यास्पद धम्की दिइरहेका छन्।

संविधान दिवसका दिन सरकारी सञ्चारमाध्यम र मुलधारका समेत केही निजी संचार माध्यमले संविधानको जतिसुकै बखान गरे पनि जनताले अपनत्व ग्रहण गरिसकेका छैनन्। यहाँ संशोधनका नाममा केही भाकाशैली सुधार गरेर मात्र पुग्दैन। दुषित मनले राखिएका छल कपट र बेइमानीलाई पूरापूर निफनेर फालिनु पर्छ। जनधारणा अनिवार्य समेटिनु पर्छ, यसो गर्दा शासकीय स्वरूपमा पनि केही परिवर्तन हुन जान्छ, जस्तो- ठूलो आलोचना खेपेको सात प्रदेशलाई पुरानै पाँच विकास क्षेत्रमा रुपान्तरण गर्दा जनतामा खुसी फर्कन सक्छ। प्रदेश तथा विकास क्षेत्रलाई सँधै अपठित र लठैत कार्यकर्ता भर्ती केन्द्र बनाउनुको सट्टामा पढे लेखेका र जानि बुझेका विद्वान व्यक्तिलाई नेतृत्व गर्न पहिलो प्राथमिकता दिँदा विकासले गति लिन्छ। व्यवस्थामा जनमोह जागेर त्यसको उज्यालो चीरकाल रहन सक्छ। कोही कुनै नेता नेतृत्वको कलुषित मनसायमा समाजवादप्रति प्रतिबद्ध रहने होइन, समग्र देश र जनताप्रति सर्वोत्तम हितका निम्ति प्रतिबद्ध रहने संविधान भए मात्र नेपाली जनताले गौरव गर्नेछन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४४१५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्युत फ्यूज सेवा : ०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०४
**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५
**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१
**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्ड्ड रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अस्पताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** — आज कुराले मनमा प्रसन्नता छाउनेछ। नयाँ कार्यको योजना बन्नेछ। विनाप्रतिस्पर्धा फाइदा हुनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ।

**वृष** — गरेको काममा ढिलासुस्ती हुनेछ दवाब र तनाव बढेको महसुस हुनेछ। पारिवारिक समस्या आइपर्ला। विचार गरेर निर्णय लिनु उचित होला।

**मिथुन** — आज विशिष्ट व्यक्तिको साथ पाइनेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ। जोशजाँगर र हिम्मत बढ्नेछ। दैनिकी कार्य सहज हुँदै जानेछ।

**कर्कट** — आज शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। पार्टी तथा सेमिनारमा सहभागी भइएला। आदर्श व्यक्ति सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**सिंह** — आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ। दैनिक कार्यमा प्रगति हुनेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। शुभ कार्यको चर्चा पनि चल्नेछ।

**कन्या** — निर्णायक क्षमतामा कमी आउनेछ। स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ। चुनौतीको सामना गरी गलत निर्णय लिन पुगिएला सचेत रहनुहोला।

**तुला** — न्यायिक कार्यमा सफलता मिल्नेछ। अँटेको र ताकेको कार्य पुरा होला। धार्मिक कार्यमा रुचि बढ्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ।

**वृश्चिक** — शुभकार्यको चर्चा चल्नेछ। विशिष्ट व्यक्तिको साथ पाइनेछ। धार्मिक कार्यमा मन लाग्नेछ। मनको डरले सताए पनि व्यवहारमा फाइदा हुनेछ।

**धनु** — आज भाग्यले विभिन्न अवसर जुराउनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ। नयाँ कामको थालनी होला। मान प्रतिष्ठामा पनि वृद्धि हुनेछ।

**मकर** — पारिवारिक उल्झनमा परि अँटेको काम बिग्रनेछ। सौन्दर्यतामा धन खर्च हुनेछ। यात्रा गर्दा सचेत रहन पर्नेछ। सामान हराउने पनि सक्छ।

**कुम्भ** — सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। श्रमको उचित मल्याङ्कन हुनेछ। मनोरञ्जनमा सहभागिता भइएला। पुनर्मिलनको योग पनि रहेको छ।

**मीन** — आज रोकिएका अधुरा कामहरू पुरा हुनेछन्। बोलीको प्रभाव बढ्नेछ। विनाप्रतिस्पर्धा फाइदा हुने योग छ। पढाइ लेखाइमा प्रगति हुनेछ।

# अहिले गर्नुपर्ने काम छोडेर दलहरूको बेमौसमी मिसन-२०८४

युग संवाददाता
**काठमाण्डौं, ५ असोज ।**

राजनीतिक दलहरूमा अहिलेको देशको अवस्था कसरी सुधार्नेभन्दा पनि २०८४ सालको निर्वाचन कसरी जित्ने र ठूलो दल हुने भन्ने चिन्ता बढी देखिएको छ । सत्ताको नेतृत्व गरेको नेकपा एमालेदेखि प्रतिपक्षमा रहेको माओवादी र रास्वपासम्मलाई आउँदो निर्वाचनकै चिन्ता छ । र त्यो चिन्ता उनीहरूको अहिले कसरी राम्रो काम गर्नेभन्दा पनि ०८४ मा कसरी बढी सिट जित्ने भन्नेमा केन्द्रित छ ।

राजनीतिक दलहरू २०७९ को आमचुनावलगत्तै मिसन २०८४ भन्दै विभिन्न अभियान, पार्टीका गतिविधि गर्दै आएका छन् । त्यहीमध्ये प्रतिपक्ष दल राष्ट्रिय स्वतन्त्र पार्टीले त आफ्नो पहिलो राष्ट्रिय सम्मेलनमा पेस गरेको राजनीतिक प्रतिवेदनमा नै २०८४ 'ब्लु प्रिन्ट' नाम दिएको छ । यो पार्टीले नै पहिलो निर्वाचनमा सहभागी भएर मतपरिणाम आएदेखि नै मिसन २०८४ भन्न थालेको थियो । राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा पनि मिसन २०८४ का बारेमा उल्लेख गरेको छ ।

प्रतिवेदनको समाधानको केही उपायको (ख) मा २०८४ 'ब्लु प्रिन्ट' नाम दिएर आउँदो निर्वाचनका बारेमा उल्लेख गरेका छन् । प्रतिवेदनमा भनिएको छ, 'नीति, योजना र कार्यक्रमको पूर्वतयारीको अभियालाई हामीले 'मिसन- २०८४ ब्लु प्रिन्ट' भनेका छौँ । निर्वाचनमा जानुअघि नै पार्टीबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिले संघीय, प्रदेश र स्थानीय सरकारमार्फत गर्ने कामको सूची हो, 'ब्लु प्रिन्ट' । 'ब्लु प्रिन्टमा हामीले नेतृत्व गर्ने सरकारका रणनीति, उद्देश्य, प्राथमिकता एवं नीति, योजना र कार्यक्रम हुनेछन् । मुलुकले भोग्दै आएका समस्या न्यूनीकरण हुँदै समाधानका उपाय समेटिनेछन् । सुशासन अभिवृद्धि र राज्यको सेवा प्रवाह सुधारका योजना हुनेछन् ।' राजनीतिक दलहरू अहिले चलिरहेको राज्यव्यवस्थाका बारेमा चर्चा गर्नुभन्दा पनि सत्ताको नेतृत्व गरीरहेका दलदेखि प्रतिपक्ष दलहरूको एउटै मिसन छ- मिसन २०८४ ।

सत्ताको नेतृत्व गरीरहेको नेकपा एमालेले मिसन २०८४ लाई लक्षित गरेर दुई अभियान पूरा गरिसक्यो । एमालेले २०७९ साल चैतमा नै मिसन ग्रासरुट अभियान सञ्चाल गरेको थियो । सरकारबाट बाहिरिएलगत्तै एमालेले मिसन ग्रासरुट अभियान चलाएको थियो । एमालेले मिसन ग्रासरुट अभियानलाई जनतासँग एमाले जोड्ने कडीको रूपमा व्याख्या गरेको थियो । एमाले नेताको कार्यशैली र उनको व्यवहारले गर्दा जनतासँगको सम्बन्ध टुट्दै गएको निष्कर्षसहित मिसन ग्रास रुटमा जनतासँग पार्टी जोड्ने उद्देश्य राखेको एमालेले बताएको थियो । एमाले त्यो समयमा निर्वाचनमा दोस्रो दल बनेको थियो । उसले २०८४ को निर्वाचनका लागि पार्टी सदस्यता नवीकरण र संगठन विस्तार गर्ने मिसन ग्रासरुट चलाएको थियो ।

यो अभियानबाट एमालेले पार्टीमा वैचारिक र नयाँ परिस्थितिमा नयाँ चुनौतीहरूको सामना गर्न नेता कार्यकर्तालाई प्रशिक्षण दिएको बताएको थियो । एमालेको आधारभूत तहमा पार्टी सदस्य कति छन्, तिनको अवस्था र पार्टीमा कहाँकहाँ समस्या छन् भन्ने जानकारी लिन पनि मिसन ग्रासरुट अभियानले मद्दत गरेको एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डे बताउँछन् । पाण्डेले भने, 'अस्थिरताले आममानिसमा निराशा छाएको थियो । पटकपटक गठबन्धन परिवर्तन हुने, सरकार परिवर्तन हुने भएको थियो । अब आउँदो निर्वाचनमा एमालेलाई बलियो पार्टी बनाउनुपर्छ भनेर हामी संगठन बनाउन जनतामा गएका हौँ । एमालेलाई बहुमत दिलाउन मिसन ग्रासरुट र मध्यपहाडी लोकमार्गमा अभियान चलाएको हो ।'

उपाध्यक्ष पाण्डेले भने, 'राजनीतिक दलको मुख्य उद्देश्य बहुमत ल्याएर सरकार सञ्चालन गर्ने हो । स्थायी सरकारले आफ्नो योजनाअनुसार काम गर्न सक्छ । जनतामा पाँच वर्षमा सातवटा सरकार बन्दा निराशा छ । विकास हुन सकेको छैन । त्यही भएर २०८४ सालको निर्वाचनपछि देशमा स्थिरता ल्याउनका लागि एमालेको बहुमत ल्याउन मिसन २०८४ सुरु भएको हो ।' सत्ताको बागडोर सम्हालेको माओवादी एकाएक असार अन्तिममा प्रमुख प्रतिपक्ष हुन पुगेको छ । संसदको तेस्रो दल माओवादी केन्द्रले यो एक महिनामा भौगोलिक र गैरभौगोलिक प्रदेशहरूको बैठक सकेको छ । उसको पनि मिसन आउँदो निर्वाचनमा अहिलेभन्दा बढी सिट जित्ने नै हो ।

पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले २०८४ को निर्वाचन एक्लै लड्ने र जित्ने योजनाका साथ पार्टीमा छलफल भइरहेको एक सार्वजनिक कार्यक्रममा बताएका थिए । उनले भनेका छन्, '२०८४ को चुनाव एक्लै लड्ने र जित्ने योजनाका साथ जान्छौँ । माओवादीलाई शक्तिशाली बनाएर देशमा सुशासन कायम गर्छौं । १८ महिना सरकारको नेतृत्त्वमा रहँदा सुशासन, सामाजिक न्यायका पक्षमा अहोरात्र काम गरेका छौँ ।' उनले अगाडि भनेका छन्, '१८ महिना सरकारको नेतृत्व गर्‍यौँ । हामीले २८ असारमा सरकार छोड्दा हामी विजयी भएर निस्किएका छौँ । हामी सुशासनका पक्षमा विजय भएर निस्किएका छौँ । भ्रष्टहरू मिलेर सरकार बनाएको कुरा बच्चाबच्चालाई पनि थाहा छ । यो कुरा जनतालाई पनि बुझाउन जरुरी छ ।'

अहिले जनताका जल्दाबल्दा समस्या हल हुनुपर्छ, भ्रष्टाचार, महँगीको अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउन माओवादीको पहिलो प्राथमिकता भएको माओवादी सचिव देवेन्द्र पौडेल बताउँछन् । उनले भने, 'अहिलेका जनताका समस्या माओवादीको प्राथमिकतामा छन् । भ्रष्टाचार नियन्त्रण हुनुपर्छ । महँगी नियन्त्रण हुनुपर्छ । जनताका आवश्यक कामहरू यो सरकारले गर्नुपर्छ । गरेन भने माओवादीले खबरदारी गर्छ । साथै, जनतासँगसँगै पार्टी बनाउने, संगठन बनाउने काम गर्छ । माओवादी जनतासँग सधैँ साथमा रहन्छ ।' माओवादीलाई सुदृढ बनाउँदै आउँदो निर्वाचनमा बढीभन्दा बढी सिटमा विजय हासिल गर्ने गरी पार्टी, जनवर्गीय संगठनहरू लाग्नु स्वाभाविक भएको पौडेल बताउँछन् । उनले भने, 'आउँदो निर्वाचनमा माओवादी आफूलाई बढीभन्दा बढी सिट जित्ने गरी तयारीमा लागेको छ । जनताको पक्षमा माओवादीले काम गरेको छ । भ्रष्टाचार नियन्त्रण गर्ने अभियानको नेतृत्व माओवादीले गरेको छ । अहिलेदेखि नै माओवादीले गरेका राम्रा कामहरूका बारेमा जनतालाई भन्ने र २०८४ को निर्वाचनमा बहुमत ल्याएर माओवादीलाई ठूलो दल बनाउने अभियान जारी छ ।'

गत वर्ष भदौमा माओवादीले तीनमहिने 'जनतासँग विशेष रुपान्तरण अभियान' चलाएको थियो । उक्त अभियानमा अध्यक्ष प्रचण्डदेखि सबै केन्द्रीय सदस्यहरू वडावडामा पुगेका थिए । संगठन बनाउने, सदस्यता नवीकरण गराउने । पार्टीका बैठक, भेला, सम्मेलन गरेको थियो । उता नेकपा एकीकृत समाजवादीले पनि आउँदो निर्वाचन एक्लै लड्ने घोषणा गरेको छ । २०७९ सालमा भएको निर्वाचनमा राष्ट्रिय पार्टी बन्न नसकेको नेकपा एस यो निर्वाचनमा एक्लै लडेर भए पनि आफूलाई स्थापित गर्ने अभियानमा छ ।

नेकपा एसका उपाध्यक्ष जगन्नाथ खतिवडा मिसन २०८४ होइन, मिसन २०८३ मा आफूहरू लागेको बताउँछन् । उनले भने, 'ठूला पार्टी मिसन २०८४ भन्दै छन् । हामी मिसन २०८३ मा छौँ । २०८३ सालमा स्थानीय तहको निर्वाचन हुन्छ । हामी त्यसको तयारीमा छौँ । गाउँगाउँमा पार्टी संगठन बनाउने, सदस्यता वितरण गर्ने, सबै स्थानीय तहमा उम्मेदवार उठाउने र बढीभन्दा बढी पालिकामा जित्ने अभियानमा हामी छौँ । २०८३ सालसम्म बनाएको संगठनको बलमा २०८४ को निर्वाचन लड्नेछौँ ।'

त्यस्तै, सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले १६ भदौमा सकिएको केन्द्रीय समिति बैठकबाट आउँदो निर्वाचनमा कसैसँग तालमेल नगर्ने प्रस्ताव नै सर्वसम्मत पारित गरेको छ । बैठकमा महामन्त्री गगनकुमार थापाले आगामी चुनावमा कसैसँग तालमेल नगर्ने प्रस्ताव पेस गरेका थिए । कांग्रेसको केन्द्रीय समिति बैठकले उक्त प्रस्ताव पारित गरेको हो । पारित निर्णयमा भनिएको छ, 'हाम्रो आफ्नै संगठनलाई थप ऊर्जाशील बनाउँदै आमजनताको मत र विश्वास बढाएर नेपाली कांग्रेसलाई एक्लै बहुमत ल्याउन सक्ने पार्टीका रूपमा पुनः स्थापित गर्नेछौँ ।' सानाठूला दलहरू अहिले पार्टी अभियान चलाउने, संगठन निर्माण गर्ने, सदस्यता वितरण गर्ने काममा बढी केन्द्रित भएका छन् । *(शिलापत्रबाट)*

## एकै...

खड्काले सानातिना वादविवादमा महिनौ गाउँपालिकाको केन्द्रमा धाइरहनुपर्ने बाध्यताका अन्त्य भएको सुनाए । उनका अनुसार गाउँबाट गाउँपालिकाको केन्द्रसम्म पुग्न सात सय रुपैयाँ गाडी भाडा लाग्छ । होटलमा र समय पनि खर्च हुन्छ । खड्का भन्छन्, 'पहिले मान्छेहरु सामान्य विवाद हुँदा पालिका धाइरहन्थे, अहिले यस्तो बाध्यता हटेछ, यसले गर्दा समयसँगै पैसाको पनि सदुपयोग भयो ।' धनसरा र मदन प्रतिनिधि पात्र हुन् । सिम्ता गाउँपालिकामा न्यायिक मामला व्यवस्थापन प्रणाली लागु भएपछि नागरिकहरुले छोटो समयमै बिना झन्झट न्याय पाउने गरेका उदाहरण प्रशस्त छन् । सिम्ताले दुई वर्षदेखि यो सेवा सुरु गरिरहेको छ । यसबाट नागरिकले छिटो छरितो न्याय पाउनुका साथै न्यायिक समितिलाई पनि न्याय सम्पादनमा सजिलो भएको छ ।

सिम्तामा यो प्रणाली लागू हुनु अघि न्यायिक समितिले कागजी प्रक्रियाबाट न्याय सम्पादन गर्दथ्यो । न्याय निरुपणमा समय लाग्ने, आवश्यक कानुनी ज्ञानको अभाव, सहजै कानुनी सल्लाह नपाइने जस्ता झमेलाले कतिपय सवालमा न्यायिक समिति आफै विवादित बन्न पुग्थ्यो । अधिकांश उजुरीहरुको अभिलेख राख्नेदेखि सुनुवाइ प्रक्रियासम्ममा झन्झट थियो । पीडितलाई गाउँपालिकाको केन्द्रसम्म धाउनुपर्दा समय र आर्थिक भार पनि उत्तिकै थियो । गाउँपालिकाले न्यायिक मामिला व्यवस्थापन प्रणालीमार्फत न्यायिक निरुपण सेवा सुरुवात गरेपछि घरमै बसेर आफ्नो उजुरीको स्थिति थाहा पाउन सकिने भएको छ ।

गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समिति संयोजक गोमा शर्मा (रेग्मी) ले यो प्रणाली अभ्यासमा आएसंगै न्यायिक निरुपणमा कुनै झन्झट नरहेको बताउँछिन् । सिम्तामा वडास्तरमा मेलमिलाप केन्द्रहरु छन् । त्यहीबाट कतिपय उजुरीमा मेलमिलाप हुने गर्दछ । 'त्यहाँ मिलाप हुन नसकेका उजुरीहरु हामी कहाँ आउने हुन्, त्यस्ता उजुरीहरु उपर छलफलका माध्यमबाट मेलमिलाप कायम गरिन्छ,' उपाध्यक्ष शर्मा भन्छिन्, 'मेलमिलाप हुन नसकेका उजुरीका हकमा मात्र प्रक्रिया अघि बढाउने गरेका छौं ।'

सिम्तामा न्याय निरुपण होइन्, अभिलेख व्यवस्थापनमा पनि अब्बल छ । उपाध्यक्ष रेग्मीले यो प्रणालीले उजुरीहरूको दर्ता, प्रगति र स्थिति अनुगमन गर्न सजिलो बनाउनुका साथै उजुरीहरूको स्पष्ट र समयमै व्यवस्थापन गर्न मद्दत पुगेको बताउँछिन् । 'मेलमिलापमा जान नसकेका उजुरीका हकमा कानुन व्यवसायीसँग राय मागि राख्नुपर्ने अवस्थाको अन्त्य यो प्रणालीमार्फत भएको छ,' उनी भन्छिन्, 'यसो हुँदा मेलमिलाप केन्द्र र न्यायिक समितिले उजुरी हेर्न मिल्ने वा नमिल्ने विषय सिस्टमले नै निक्र्यौल गर्ने हुँदा न्यायिक क्षेत्राधिकार छुट्याउन पनि सहज भएको छ ।' न्यायिक समितिमा उजुरी दर्ता मिति र सुनुवाइको व्यवस्थापन तथा उजुरीको सुनुवाइ मिति निर्धारण, मिति परिवर्तनको कामलाई सरल बनाएको छ ।

समितिमा पर्ने उजुरीका सबै कागजात र प्रमाणहरूको डिजिटल भण्डारण यही प्रणाली अन्तर्गत गरिन्छ । 'आवश्यक दस्तावेज सजिलै पहुँचयोग्य बनाउन सहयोग पुऱ्याएको छ, न्यायिक समितिको सचिवालयमा कार्यरत चन्द्रबहादुर शाही भन्छन्, 'यसले कागजात हराउने वा व्यवस्थित गर्न गाह्रो हुने समस्याको अन्त्य भएको छ ।' उनका अनुसार वडा कार्यालयबाट सफ्टवेयरमा उजुरी दर्ता हुने बित्तिकै प्रकृति अनुसार मेलमिलाप केन्द्रले हेर्ने वा न्यायिक समितिले हेर्ने, कहिले हेर्ने भन्ने विषयको टुङ्गो लाग्छ । उजुरी दर्ता भएपछि न्यायिक समितिद्वारा दिइने हस्त लिखित निस्सा, तारेख, भरपाई लगायत कानुनी प्रक्रिया पुरा गर्न सहज भएको छ । मुद्दाका पक्षहरुलाई न्यायिक समितिमा धाइरहनुपर्दैन ।

गाउँपालिकाका अध्यक्ष ऐनबहादुर चन्द यस प्रणालीले न्यायिक समितिबाट हुने सबै कामलाई डिजिटल ट्र्याक गर्न सकिने बताउँछन् । यसले समितिलाई नागरिकप्रति जवाफदेही बनाउन मद्दत गरिरहेको छ,' उनी भन्छन्, 'उजुरीहरूको जानकारी सजिलै उपलब्ध हुँदा निर्णय प्रक्रिया र पुराना उजुरीहरूको समीक्षा गर्न सहज भएको छ ।' यस्तै, वादी-प्रतिवादी, न्यायिक समितिका सदस्यहरूबीच डिजिटल सम्पर्क स्थापित गर्न प्रणाली उपयोगी देखिएको छ ।

सिम्ता गाउँपालिकाले न्यायिक मामिला व्यवस्थापन प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्न निर्देशिका नै बनाएको छ । २०७९ माघदेखि निर्देशिका लागू भएको हो । आफ्नो क्षेत्राधिकार भित्र रहेको न्यायिक समिति र उक्त समितिले नियमित कारबाही एवं मेलमिलाप मार्फत सञ्चालन गर्ने विवादको निरुपण प्रक्रियालाई थप व्यवस्थित बनाउने उद्देश्यले नवीनतम सूचना प्रविधिलाई अङ्गीकर गरी विवादको निरुपण प्रक्रियामा आधुनिकीकरण गर्ने उद्देश्यले निर्देशिका जारी गरिएको हो । गाउँपालिकाका अध्यक्ष चन्द प्रमाणमा आधारित कानून निर्माण योजना तथा बजेट तर्जुमा सम्बन्धी कार्यविधि, २०७८ को प्रस्तावनाको मर्मलाई आत्मसाथ गर्दै निर्देशिका बनाइएको बताउँछन् ।

सिम्तामा यो प्रणाली लागू भएपछि ६५ थान उजुरी किनारा लागेका छन् । सुरुवातको वर्ष २०७९/८० मा ११ थान उजुरी दर्ता भएका थिए । आव २०८०/८१ मा ५० तथा चालु आवको हालसम्मको अवधिमा ४ थान वटा उजुरी न्यायिक मामला व्यवस्थापन प्रणालीमा दर्ता भई मेलमिलापद्वारा फछ्र्यौट भएको न्यायिक समितिको सचिवालयले जनाएको छ ।

स्वास्थ्य समाचार

# अल्जाइमरः रोग एक, चुनौती अनेक



डा. रमेश कँडेल

विश्व अल्जाइमर दिवस २०२४ को विषयवस्तु 'अबको आवश्यकताः अल्जाइमर्स तथा डिमेन्सियामा क्रियाशीलता' हो । यो विषयवस्तुले डिमेन्सिया/विस्मृतिको समस्या समाधान गर्नको लागि तत्कालै लिनुपर्ने पहलकदमीको आवश्यकतालाई जोड दिएको छ, जसमा जनचेतना वृद्धि र समुदाय तथा राज्यले समयमा नै कदम चाल्नुपर्ने कुरालाई प्राथमिकता दिइएको छ ।

अल्जाइमर विश्वव्यापी रूपमा डिमेन्सियाको प्रमुख कारण हो, जसले करिब ६०-८० प्रतिशत अनुपात ओगटेको छ । यो मुख्यतया ज्येष्ठ नागरिकहरूमा देखापर्ने रोग हो र उमेर बढेसँगै यसको जोखिम उल्लेखनीय रूपमा बढ्छ । विश्व स्वास्थ्य संगठनका अनुसार, विश्वभर करिब ५.५ करोड मानिसहरू डिमेन्सियाबाट ग्रस्त छन्, जसमध्ये अधिकांश अल्जाइमर रोगका बिरामी हुन् ।

नेपालमा अल्जाइमारको सम्बन्धमा यकिन तथ्यांक नभएता पनि एक प्रक्षेपणअनुसार सन् २०१५मा ७८,००० जना व्यक्तिहरु यस रोगबाट पिडित थिए भने यो संख्या बढेर सन् २०३० सम्ममा करिब १,५०,००० र सन् २०५० सम्ममा २,८०,००० पुग्ने अनुमान गरिएको छ । अल्जाइमरको प्रकोप भौगोलिक क्षेत्रअनुसार फरक-फरक हुन्छ । पश्चिमी देशहरूमा लामो आयु र राम्रो निदान क्षमताका कारण यो रोगको दर उच्च देखिएको छ । महिलाहरूमा यो रोग बढी देखिन्छ, र अल्जाइमर रोगका दुई तिहाईभन्दा बढी बिरामी महिला नै हुन्छन् । यो लैङ्गिक असमानता महिलाहरूको लामो आयुका कारण हो, यद्यपि जैविक कारणहरूले पनि महिलाहरूलाई बढी जोखिममा राखेको हुनसक्छ ।

**जोखिमका कारकहरू**

अल्जाइमर डिमेन्सियाको विकासमा अनुवांशिक, वातावरणीय र जीवनशैली लगायतका विभिन्न कारकहरू सम्मिलित छन् । मुख्य जोखिम कारकहरू यसप्रकार छन्ः

*१. **उमेरः*** अल्जाइमर रोगको सबैभन्दा ठूलो जोखिम कारक उमेर हो । ६५ वर्षको उमेरपछि, हरेक पाँच वर्षमा यसको जोखिम दोब्बर बढ्छ र ८५ वर्षपछि यो जोखिम ४०-५० प्रतिशत सम्ममा देखिन सक्छ ।

*२. **अनुवांशिकताः*** धेरैजसो अल्जाइमर रोगहरू अनुवांशिकतासँग सम्बन्धित नभएतापनि अनुवांशिक कारकले, विशेषगरी कम उमेरमै देखिने अल्जाइमर (६५ वर्षभन्दा कम उमेरमा हुने) मा महत्वपूर्ण भूमिका खेल्छ । एपीपी (अमाइलोइड प्रिकर्सर प्रोटिन), पीईएसएन-१, पीएसऐएन-२ जस्ता जीनहरूमा हुने उत्परिवर्तनहरू पारिवारिक अल्जाइमरको कारण बन्छन् । एपोलिपोप्रोटिन-ई (एपीओई) जीन, विशेषगरी एपीओई- ई४ एलील, ढिलो उमेर (६५ वर्षभन्दा बढी) मा हुने अल्जाइमर रोगको प्रमुख जोखिम कारक हो ।

*३. **हृदय र मस्तिष्क स्वास्थ्यः*** उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रोल र मोटोपनजस्ता हृदय र रक्तधमनी सम्बन्धी अवस्थाहरूले अल्जाइमर रोगको जोखिम बढाउँछन् । यी अवस्थाहरूले मस्तिष्कको रक्तनलीलाई क्षति पुर्याअउँछन् र न्यूरोडिजेनेरेशनको कारण बन्न सक्छन् ।

*४. **जीवनशैलीः*** निष्क्रिय जीवनशैली, अस्वास्थ्यकर आहार, धुम्रपान र अत्यधिक मद्यपान अल्जाइमरको जोखिमसँग सम्बन्धित छन् । अर्कोतर्फ, नियमित शारीरिक गतिविधि, स्वस्थ आहार र मानसिक गतिविधिले यस रोगको जोखिमलाई कम गर्न सक्छन् ।

*५. **शिक्षा र संज्ञानात्मक सञ्चयः*** उच्च शिक्षा र जीवनभरि मस्तिष्कको सक्रियता भएका व्यक्तिहरूमा अल्जाइमरको जोखिम कम हुने सम्भावना छ ।

*६. **लैङ्गिकताः*** महिलाहरूमा यो रोग बढी देखिन्छ । यसको कारण हर्मोनल परिवर्तन, विशेष गरी रजोनिवृत्तिमा एस्ट्रोजेनको ह्रास हुन सक्छ, जसले संज्ञानात्मक गिरावटमा योगदान पुर्याउन सक्छ ।

**निदान**

अल्जाइमर रोगको निदान क्लिनिकल मूल्याङ्कन, न्यूरोइमेजिङ र बायोमार्कर परीक्षणमा आधारित हुन्छ । प्रारम्भिक निदान, लक्षणहरूको व्यवस्थापन र हेरचाह योजना बनाउन महत्त्वपूर्ण हुन्छ, यद्यपि लक्षणहरू ढिलो प्रकट हुने हुँदा यसलाई पत्ता लगाउन कठिन हुन सक्छ ।

**निदानका मुख्य चरणहरू यसप्रकार छन्**

*१. **क्लिनिकल वार्तालाप र संज्ञानात्मक परीक्षणः*** यसमा विस्तृत क्लिनिकल वार्तालाप गरिन्छ, जसमा स्मृति सम्बन्धी गुनासा, दैनिक क्रियाकलापमा परिवर्तन, र व्यवहारिक लक्षणहरूलाई पहिचान गरिन्छ । मिनी-मेन्टल स्टेट परीक्षा (एमएमएसई) वा मोन्ट्रियल संज्ञानात्मक मूल्याङ्कन (एमओसीए) जस्ता मानकीकृत संज्ञानात्मक परीक्षणहरूले स्मृति, ध्यान, भाषा र दृश्यात्मक क्षमताहरूको परीक्षण गर्छन् ।

*२. **न्यूरोइमेजिङः*** क्लिनिकल परीक्षणपश्चात् ती बिरामीहरुमा संरचनात्मक इमेजिङ, सामान्यतया म्याग्नेटिक रेजोनन्स इमेजिङ (एमआरआई) वा कम्प्युटेड टोमोग्राफी (सीटी) प्रयोग गरिन्छ, जसले स्ट्रोक/पक्षघात वा ट्युमर जस्ता कारणहरुले डिमेन्सिया भएको होइन भनेर निचोड निकाल्न सहयोग पुर्याउँछ । एमआरआईले मस्तिष्कको संकुचन देखाउन सक्छ, विशेष गरी हिप्पोक्याम्पस भन्ने हिस्सामा, जुन अल्जाइमर रोगमा गम्भीर रूपमा प्रारम्भिक अवस्थामा नै प्रभावित हुन्छ ।

*३. **बायोमार्करहरूः*** मस्तिष्क भित्रको पानी (सेरिब्रोस्पाइनल फ्लुइड) विश्लेषण वा रक्त परीक्षणहरूले अल्जाइमर रोगमा मस्तिष्कभित्र असाधारण हिसाबले बन्ने अमाइलोइड-बीटा र टाउ प्रोटिनका असामान्य स्तरहरू पत्ता लगाउन सक्छन्, जुन अल्जाइमर रोगका रोगजन्य सूचकहरू हुन् । रक्त-आधारित बायोमार्करहरूको विकास, जस्तै प्लाज्मा अमाइलोइड र टाउ परीक्षणहरू, छिटो र सहज निदानका लागि नयाँ उपकरणका रूपमा उभिएका छन् ।सो अवस्थाका बाबजुत पनि नेपालमात्र नभएर समग्र दक्षिण एसियामै यी परीक्षणहरु नियमित रुपमा क्लिनिकल प्रयोगका निम्ति उपलब्ध छैनन् ।

**अल्जाइमर रोगको व्यवस्थापनः**

अल्जाइमर रोगको कुनै उपचार नभएको हुँदा यसको उपचार लक्षण व्यवस्थापन, रोगको प्रगति र जटीलता ढिलो बनाउने र जीवनको गुणस्तर सुधार्नेमा केन्द्रित हुन्छ । यस रोगसंग सम्बन्धित मुख्य व्यवस्थापन रणनीतिहरू यसप्रकार छन्ः

*१. **औषधीय उपचारहरूः***

- क्लिनेस्टरस इनहिबिटरहरूः डोनेपेजिल, रिभास्टिग्मिन, र ग्यालान्टामाइन जस्ता औषधिहरू प्रायः मध्यम अवस्थाको अल्जाइमर रोगका लागि प्रयोग गरिन्छन् । यी औषधिहरूले स्मृति र संज्ञानात्मक क्रियाकलापलाई अस्थायी रूपमा सुधार्न सक्छन्, यद्यपि यिनीहरूले रोगको प्रगतिलाई रोक्न सक्ने भने होइनन् ।
- एनएमडीए रिसेप्टर एन्टागोनिस्टहरूः मेमेन्टिन मध्यमदेखि गम्भीर अल्जाइमर रोगको लागि दिइन्छ ।
- एन्टि-अमाइलोइड थेरापीः हालै, अमाइलोइड प्रोटिनलक्षित मोनोक्लोनल एन्टिबडीहरू जस्तै एडुकानुमाब र लेकानुमाब विकास गरिएका छन् । यी औषधिहरूले मस्तिष्कमा जमेको अमाइलोइडलाई कम गर्न सहयोग गर्छन्, तर यिनको मानवमा प्रयोगको प्रभावकारिता र सुरक्षामा अझै विवाद छ ।

*२. **औषधि बाहेकका पद्धतिहरूः*** नियमित संज्ञानात्मकथेरापी, शारीरिक व्यायाम, र सामाजिक सहभागिता एवं अन्तरक्रियाले संज्ञानात्मक कार्यमा सुधार गर्न र गिरावट रोक्न सहयोग गर्न सक्छ । व्यवहारिक थेरापीहरू पनि मूड र व्यवहार सम्बन्धी लक्षणहरूको व्यवस्थापनमा प्रयोग गर्न सकिन्छ ।

३.समर्थनात्मक हेरचाहः रोगको प्रगतिसँगै, बिरामीहरूलाई दैनिक गतिविधिहरूमा बढ्दो सहायताको आवश्यकता हुन्छ । व्यावसायिक थेरापी, घरको परिमार्जन र सहयोगी उपकरणहरूले व्यक्तिको स्वायत्तता कायम राख्न सहयोग गर्न सक्छन् ।

**स्याहारकर्ताहरूको भूमिका**

अल्जाइमर रोगको व्यवस्थापनमा स्याहारकर्ताहरूको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ, जसले भावनात्मक सहयोग प्रदान गर्नुका साथसाथै दैनिक क्रियाकलापको पनि व्यवस्थापन गर्छन् । स्याहारकर्ताहरू प्रायः परिवारका सदस्यहरू हुन्छन्, र पति-पत्नी वा वयस्क सन्तानहरूले प्राथमिक स्याहारकर्ताको भूमिका निर्वाह गर्छन् ।

*१. **स्याहारकर्ताका चुनौतीहरूः*** अल्जाइमर्स रोगीका नियमित स्याहारकर्ताहरूले भावनात्मक र शारीरिक तनावको सामना गर्नुपर्छ । विशेषगरी रोग थप जटिल बन्दै गर्दा बिरामीका आवश्यकताहरू जटिल बन्दै जान्छन् र स्याहारकर्ताहरुमा पनि तीव्र तनाव, डिप्रेसन र सामाजिक एक्लोपनको जोखिम बढ्दै जान्छ

*२. **स्याहारकर्ताका लागि समभाव र समर्थनः*** स्याहारकर्ताको बोझलाई कम गर्न विभिन्न सहयोग र समर्थन प्रणालीहरू आवश्यक हुन्छन् । यसमा निम्न तौर-तरिकाहरू समावेश हुन सक्छन्ः

- शिक्षा र तालिमः बिरामीहरुमा देखिन सक्ने चुनौतीपूर्ण व्यवहार हरूको व्यवस्थापन, प्रभावकारी संचार गर्न र उचित हेरचाह गर्न स्याहारकर्ताहरूलाई तालिम प्रदान गर्न सकिन्छ ।
- विश्राम सेवाः परिवारका अन्य सदस्य/ छिमेकी वा नातागोताले अस्थायी रुपमा विरामीलाई स्याहार गरी नियमित स्याहारकर्ताहरूलाई केहि समयको विश्राम गर्ने अवसर दिलाउन सकिन्छ ।

समग्रमा भन्नुपर्दा, अल्जाइमर डिमेन्सिया एक जटिल र चुनौतीपूर्ण रोग हो । जसले बिरामी, परिवार र समग्र स्वास्थ्य सेवा प्रणालीलाई नै ठूलो प्रभाव पार्दछ । यद्यपि हालसम्म यसको रोकथाम र उपचारका लागि स्पष्ट समाधान नभएता पनि, अनुसन्धानका नयाँ दिशा र प्रयासहरूले भविष्यमा 'कालो बादलमा चाँदिको घेरा' जस्तै सुधारको आशा देखाएका छन् ।

*(ज्येष्ठ नागरिक स्वास्थ्य विशेषज्ञ डा. कँडेल राप्ती स्वास्थ्य विज्ञान प्रतिस्ठान, घोराही, दाङमा कार्यरत छन्)*

# दशैंका लागि अग्रिम टिकट बुकिङ खुलाउने तयारी

युग संवाददाता
**काठमाडौं, ५ असोज ।**

दशैंका लागि गाडीको अग्रिम टिकट बुकिङ घटस्थापनाभन्दा एक हप्ताअघि खुला हुने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा शनिवार बसेको सरकारी प्रतिनिधिसहित यातायात व्यवसायीको बैठकले घटस्थापनाभन्दा एक हप्ता अघि टिकट बुकिङ खुलाउने निर्णय गरेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद सिटौलाले जानकारी दिए ।




धेरै ठाउँमा सडक मर्मत गर्न बाँकी रहेकोले सडक मर्मतको काम सकिएपछि टिकट बुकिङ खुलाउने गरी छलफल भएको र सकेसम्म एक हप्ताअघि बुकिङ खुल्ला गर्ने उनले बताए । यस्तै बैठकले दशैं, तिहार र छठ पर्वमा यात्रुलाई सहज रुपमा गन्तव्यस्थलसम्म पुग्नका लागि सडक विभागअन्तर्गतका सडकलाई घटस्थापना अगाडि मर्मत सम्भार गरिसक्न निर्देशन पनि दिइएको छ ।

यस्तै बैठकले बिपी राजमार्गका सडक सुरक्षाका लागि पूर्व निर्धारित प्रकारका मात्र गाडी चलाउन एवम् रात्रि सवारी सञ्चालन नगर्ने विषय प्रभावकारी रुपमा लागू गर्न गृह मन्त्रालय, नेपाल प्रहरीलाई अनुरोध गर्ने, यात्रुको यात्रा सुनिश्चित एवम् सुरक्षित गर्न यातायात व्यवस्था विभागसँग छलफल गर्ने निर्णय गरेको छ ।

## गुणस्तरीय...

गर्नमा कुनै कमी नहुन दिने योजनाका साथ स्याउ खेती थालिएको स्थानीय पुष्कर नाथयोगीले बताए । 'स्याउ र जुम्ला प्रर्यायवाची हुन् । अब भावी पुस्ताले पनि सानैदेखि स्याउ बारेको ज्ञान आर्जन गर्नुपर्ने हुन्छ । जसका लागि विद्यालयले गरेको स्याउ खेती उदाहरणीय बन्न सक्छ,' प्रअ लालनाथले भने । विद्यालयमा हाल ४ जना अनुदानका शिक्षक छन् ।' अहिले निजी शिक्षक राख्नु परेको छैन । तर अनुदानमा शिक्षक राख्न गाउँपालिकाले जुनसुकै बेला छोड्न सक्छ,' उनले भने, 'उतिबेला स्याउ खेतीले महत्वपुर्ण काम गर्नेछ ।'

एक सय २० जना विद्यार्थी छन् । जसमध्ये ६० छात्रा ६० छात्र रहेको भैरव आधारभुत विद्यालयका चार जना अनुदानका र चार जना स्थायी शिक्षक छन् । एक जना कार्यालय सहयोगी समेत राखिएको छ । विद्यालयले अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गरेको छ ।

# सुदूरपश्चिमको बजेटमा सत्तापक्षका सांसद नै असन्तुष्ट

**◣युग संवाददाता**
**कञ्चनपुर, ५ असोज ।**

सुदूरपश्चिम प्रदेश सरकारले ल्याएको आर्थिक वर्ष २०८१/०८२ को बजेटमा सत्तापक्षीय सांसद नै असन्तुष्ट देखिएका छन् । आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह थापाले प्रदेश सभामा पेस गरेको बजेटमाथि सत्तापक्षीय सांसद संसदमै असन्तुष्टि देखिएका हुन । बजेट होलिडेमा रहेको २ महिनापछि भदौ ३१ मा आर्थिक मामिला तथा योजना मन्त्री थापाले परिमार्जनसहित चालु आर्थिक वर्षको बजेट पेस गरेका थिए । प्रदेश सभामा पेस गरिएको बजेटमाथि शनिबार छलफल भएको छ ।



प्रदेश सरकारको नेतृत्वकर्ता नेपाली कांग्रेसका प्रमुख सचेतक विक्रम धामी संसदमा बजेटप्रति असन्तुष्टि पोखेको सुनिए । अन्य प्रदेश भन्दा सुदूरपश्चिम प्रदेशको बजेटमा अराजकता देखिएको धामीले बताए । दार्चुलाबाट निर्वाचित प्रदेश सांसद धामीले नेपाली कांग्रेस दार्चुलाका पदाधिकारीले आफूलाई गृहजिल्ला प्रवेश गर्न प्रतिबन्ध लगाएको संसदमा बताए ।

'बकाइदा निर्णय गरेर पठाएका छन् । मोबाइलमा पठाएका छन् । त्यो किन त भन्दा सांसदको भूमिका बजेट ल्याउने हो भन्ने छाप जनता जनतासम्ममा पुगेको छ । योजनाहरू मेरै जिल्लामा पनि प्रशस्त गएका छन्,' उनले अगाडि थपे, 'मैले प्रस्तुत गरेका योजना धेरै कम छन् । सबै योजना बाइपासबाट गए । यो विषयमा अर्थमन्त्री, सामाजिक विकास मन्त्रीज्यूहरु गहन छलफल गर्दा उहाँहरुको पनि बजेट निर्माण गर्दा इन्ट्री गर्ने ठाउँको हो, त्यहाँ भूमिका देखिएन, रहेन ।'

धामीले बजेट कस्ले निर्माण गरिरहेको छ भन्दै प्रश्न समेत गर्न भ्याए। बजेट निर्माणमा सरकारको नियन्त्रण बाहिरको षड्यन्त्र कायमै रहेको उनले उल्लेख गरे । 'यो बजेट निर्माण गर्ने ठाउँ कहाँ ? कस्ले गर्दैछ? सरकारको नियन्त्रणभन्दा बाहिर जुन षड्यन्त्र छ, त्यो षड्यन्त्र अहिलेसम्म ज्यूँका त्यूँ छ । सरकार जुनसुकै होस्,' उनले भने । अघिल्लो सरकारले ल्याएको बजेट र अहिलेको बजेट उस्ताउस्तै भएको समेत धामीले टिप्पणी गरे ।

बजेट निर्माण प्रक्रियामा संसदको प्रत्यक्ष संलग्नता गराउनु पर्नेमा उनले जोड दिए । 'अघिल्लो बजेटको मैले विरोध गरे। पहिले र अहिलेको किताब दाज्ने हो भने २० प्रतिशत पनि फरक देखिँदैन । त्यहीँ कपीपेष्ट छ,' उनले भने, 'यो अवस्थाबाट प्रदेशलाई मुक्त गर्न अब संसदले सोध्नु पर्ने बेला आएको छ, बजेट निर्माण प्रक्रियामा संसदको प्रत्यक्ष संलग्न नगराउन सक्ने हो भने यो अवस्था अझ निरन्तर गइराख्ने छ ।' नेकपा माओवादी केन्द्र सुदूरपश्चिम संसदीय दलका उपनेता अक्कलबहादुर रावल सरकारले दोस्रो पटक ल्याएको अहिलेको बजेटलाई संविधान र आर्थिक ऐन, कानूनले नचिनेको बताए । सरकारले सांसदहरुलाई ठगेको उनको आरोप छ । सरकारले गरेको हरेक गल्तीको फड्के किनाराका साक्षी बन्न नसक्ने रावलले बताए । ठेकेदारलाई मोस्न र कमिसन प्राप्तिका लागि टुक्रे योजना आएको उनको आरोप छ ।

'५ लाखका योजना उपभोक्ता समितिबाट किन बनाउनु हुन्न ? सायद तपाईंहरूको क्वाटरमा ठेकेदारहरूको पनि लाइन लागेको होला । कोटेसनमा दिनुहुन्छ नि तपाईहरूले,' उनले थपे, 'कोटेसनमा दिएपछि त ५० प्रतिशत आउँछ । एपभोक्ताले पैशा दिन्नन, योजना लिन्छन् । लिइसकेपछि भागिहाल्छन् भन्ने होला । ५ लाख, १० लाखका ठेक्का हुँदैनन् । कोटेसनबाट जान्छन्, त्यसैले भटाभट योजना आएका छन् ।' नाफा उपभोक्ता भन्दा ठेकेदारबाट बढी हुन्छ । त्यसैले यो बजेट कस्ले बनाउँछ ?'

बजेट निर्माणमा सांसदको भूमिका नदिँदा वडाध्यक्षले समेत हेप्न थालेको उनको गुनासो छ । प्रदेश सांसदले वडाध्यक्ष जति पनि बजेट लैजान नसक्ने अवस्था आएको उनको भनाइ छ ।

कैलाली र कञ्चनपुर केन्द्रीत बजेट भएको भन्दै सुदूर पहाडका कुनाकाप्चामा विकास निर्माणका लागि सरकारले बजेट नै नदिएको रावलले बताए । मन्त्रीले आफ्नो निर्वाचन क्षेत्रमा बजेट केन्द्रीत गरेको उनको आरोप छ । नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक चक्रबहादुर मल्लले हतार हतारमा बजेट ल्याउनु पर्ने भएकाले सरकार प्रतिवद्धतामा चुकेको बताए । प्रदेश सरकारले जारी गरेको २५ बुँदे र ४ बुँदे अवधारणअनुसार बजेट नआएको उनको टिप्पणी छ ।

'हामी बिचौलियापनलाई निरुत्साहन गर्न सरकारले फरमान गरेका अवधारणमा टिक्यौं,' उनले सरकारप्रति कटाक्ष गर्दै भने, 'कसैको बानि हुन्छ मान्छे सुतेको हुन्छ । तर सपनामा बोल्छ । मान्छे सुतेको हुन्छ तर आँखा खोलेको हुन्छ । कतै सरकार सुतेको अवस्थामा बोलेको त होइन ?'

# मोहना र खुटिया नदीमा तटबन्ध निर्माण

**◣राष्ट्रिय समाचार समिति**
**कैलाली, ५ असोज ।**

मोहना र खुटिया नदीमा तटबन्ध निर्माण अन्तिम चरणमा पुगेको छ । एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा नदी कटान तथा रोकथाम नियन्त्रण गर्न रु ५२ करोड लागतमा निर्माणाधीन तटबन्ध अन्तिम चरणमा पुगेको हो ।

'जनताको तटबन्ध' कार्यालय कञ्चनपुरका सिनियर डिभिजनल इञ्जिनियर श्रीप्रसाद शाहका अनुसार ती दुवै नदीमा १२ चरणमा निर्माणाधीन १२ किलोमिटर तटबन्ध निर्माण अन्तिम चरणमा पुगेको हो । निर्माण कम्पनीले ती दुवै नदीमा फरकफरक चरणमा तटबन्ध निर्माण गरिरहेकोमा सबै चरणको काम सकिन लागेको उनले जानकारी दिए ।

इञ्जिनियर शाहले ठेकेदार कम्पनीसँग गत आर्थिक वर्षभित्रै तटबन्धको काम सम्पन्न गर्नेगरी सम्झौता भएकामा वर्षाका समयमा निर्माण सामग्री ढुवानीमा समस्या भएपछि केही ढिलाइ भएको बताए ।

तटबन्ध कार्यालयका अनुसार धनगढी उपमहानगरपालिका-३ स्थित मोहना नदीमा सात सय मिटर, सोही नदीको कञ्चनपुरस्थित कृष्णपुर नगरपालिका-९ मा एक हजार तीन सय ५० मिटर, मोहना नदीमा पिआरटिडब्लु-१२ 'बी' प्याकेजअन्तर्गत तथा कञ्चनपुरको जोरायल टोलतर्फ पाँच सय २० मिटर तटबन्ध निर्माण सम्पन्न भएको छ ।

धनगढी-१३ स्थित श्रीलङ्कामा चार सय ३० मिटर, कृष्णपुर नगरपालिका-१, मोहना नदीमा छ सय मिटर बाँध र सात सय मिटर तटबन्ध निर्माण सम्पन्न भएको कार्यालयका इञ्जिनियर शाहले जानकारी दिए ।

गोदावरी नगरपालिकाको अर्जुन टोलमा खुटिया नदीमा एक हजार ६ सय मिटर, वडा नं ७ मा तीन सय मिटर र गौरीगङ्गा नगरपालिकाको उत्तर खैरेनीतर्फ आठ सय मिटर तटबन्ध निर्माण सकिन लागेको कार्यालय प्रमुखसमेत रहेका सिनियर डिभिजनल इञ्जिनियर शाहले बताए ।


## संविधानको रक्षार्थ सबै जुटौं !

- संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संविधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो ।
- संविधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संविधानसँग बाझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन् । त्यसैले संबिधानको पालना गर्नु सबैको कर्तव्य हो

नेपाल सरकार
विज्ञापन बोर्ड

## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साइजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)





युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।